कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा

कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल
फोन नं. ०८१-५४००५६


प.सं.- २०७८/०७९
च.नं.- २५

मिति २०७८/०४/१७

**विषय: भौतिक उपस्थितिमा अध्यापन सेवा सञ्चालन नगर्ने सम्बन्धी सूचना ।**

श्री अध्यापन सेवा प्रदायक शैक्षिक संस्थाहरु सबै,
(ट्युसन / कोचिङ सेन्टर, तालिम केन्द्र, विद्यार्थी परामर्श केन्द्र आदि)
कोहलपुर नगरपालिका, बाँके ।

प्रस्तुत विषयमा हाल कोभिड-१९ को दोस्रो लगहका कारण अन्य क्षेत्रजस्तै शिक्षा क्षेत्र पनि प्रभावित भइरहेको सन्दर्भमा स्थानीय प्रशासनबाट निरन्तर रुपमा शैक्षिक संस्थाहरु (विद्यालय, कलेज, ट्यूसन सेन्टर, तालिम केन्द्र) हाललाई सञ्चालन नगर्ने आदेश जारी भइरहेको अवगतै होला ।

यसैगरी यस शाखाबाट मिति २०७८/०३/२२ मा जारी सूचनाबाट विद्यार्थीको भौतिक उपस्थितिमा ट्यूसन, कोचिङ कक्षा, विद्यार्थी परामर्श सेवा, परीक्षा तयारी कक्षामा पठनपाठन सञ्चालन नगर्न नगराउन निर्देशन गरिएकै हो ।

उक्त आदेशको अवज्ञा गरी कोहलपुर नगरपालिका क्षेत्रका ट्यूसन / कोचिङ सेन्टर, तालिम केन्द्र, विद्यार्थी परामर्श केन्द्रहरुमा विद्यार्थीहरुको भौतिक उपस्थितिमा कक्षा सञ्चालन भइरहेको र यसले गर्दा सङ्क्रमण फैलन सक्ने खतरा बढेको भन्ने जनगुनासो आइरहेको हुँदा अध्यापन कार्य सञ्चालन नगर्ने बारेमा स्थानीय प्रशासनबाट आदेश जारी भएको अवधिमा भौतिक उपस्थितिमा पठनपाठन सञ्चालन नगर्न / नगराउन अनुरोध गरिन्छ । जारी आदेशको विपरीत हुने गरी विद्यार्थीहरुको भौतिक उपस्थितिमा ट्यूसन/ कोचिङ सेन्टर र तालिम केन्द्रले पठनपाठन सञ्चालन गरेको पाइएमा सोको जवाफदेही संस्था आफैँ हुनुपर्ने र नियमानुसार कार्यवाही प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत जानकारी गराइन्छ ।

..............
(अनन्तकुमार पौड्याल)
शिक्षा शाखा प्रमुख
अनन्त कुमार पौड्याल
शिक्षा प्रमुख/उपसचिव

बोधार्थ
श्री जिल्ला प्रशासन कार्यालय, बाँके ।
श्री नगरप्रमुखज्यूको सचिवालय, कोहलपुर नगरपालिका, बाँके ।
श्री नगरकार्यपालिकाको कार्यालय, कोहलपुर नगरपालिका, बाँके ।